जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ११७ २०७८ साल मंसिर १७ गते शुक्रबार (3 Dec. 2021 Friday) मूल्य रु. ५/-

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु अनुकूलन कार्यक्रा.. ३ पृष्ठमा : कांग्रेसको ३२ जिल्ला अधिवेशन. ३ पृष्ठमा : कोभिड महामारीका कारण ...

## कांग्रेसका १६ जिल्लाको अधिवेशन १४औं महाधिवेशनपछि हुने

काठमाडौं, १६ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसले बिहीबारसम्म जिल्ला अधिवेशन सम्पन्न हुन बाँकी रहेका जिल्लाको जिल्ला कार्यसमितिको निर्वाचनलगायत जिल्ला अधिवेशनका सम्पूर्ण कार्यक्रम स्थगन गरेको छ ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिको बिहीबार बसेको बैठकले जिल्ला अधिवेशन हुन बाँकी रहेका जिल्लाको अधिवेशन १४औँ महाधिवेशनपश्चात् समितिले निर्धारण गरेको कार्यतालिकाअनुसार गर्ने निर्णय हो । कांग्रेसले १४औँ महाधिवेशनअन्तर्गत हालसम्म ६१ जिल्लामा पार्टीको जिल्ला अधिवेशन सम्पन्न गरेको भने १६ जिल्लाको अधिवेशन हुन बाँकी रहेको गरेको समिति सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिनुभयो ।

पार्टीको क्रियाशील सदस्यतालगायतको विवादका कारण सिन्धुली, सिन्धुपाल्चोक, मकवानपुर, चितवन, नवलपुर ( बर्दघाट सुस्तापूर्व), बाँके, अछाम, कैलाली, तथा प्रदेश नं २ का आठ जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा कांग्रेसको जिल्ला अधिवेशन हुन बाँकी छ ।

यसबाहेक कांग्रेसले महाधिवेशनअन्तर्गत जिल्ला अधिवेशनबाहेक सबै जिल्लाका कूल १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ३३० प्रदेशसभा निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन सम्पन्न गरिसकेको जनाएको छ ।

साथै देशभरका सबै वडा र पालिकामा पार्टीको अधिवेशन सम्पन्न भइसकेको छ । कांग्रेसले बिहीबारदेखि सातै प्रदेशमा पार्टीको प्रदेश अधिवेशन प्रारम्भ गर्दैछ । प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले सातै प्रदेशको प्रदेश अधिवेशन भर्चुअल माध्यमबाट एकैपटक उद्घाटन गर्ने जनाइएको छ ।

प्रदेश नं १ को अधिवेशन विराटनगरमा, प्रदेश नं २ को अधिवेशन जनकपुरमा, वाग्मती प्रदेशको अधिवेशन हेटौँडामा, गण्डकी प्रदेशको पोखरामा, लुम्बिनी प्रदेशको अधिवेशन भैरहवामा, कर्णाली प्रदेशको अधिवेशन सुर्खेतमा र सुदूरपश्चिम प्रदेशको अधिवेशन धनगढीमा हुने पार्टी कार्यालयले जनाएको छ । कांग्रेसले पहिलो पटक प्रदेश अधिवेशन गर्न लागेको हो । प्रदेश अधिवेशनले सातवटै प्रदेशमा प्रदेश समिति चयन गर्नेछ ।

**यस्तो छ प्रदेश अधिवेशन कार्यतालिका**

समितिले प्रकाशन गरेको प्रदेश कार्यसमितिको निर्वाचन कार्यतालिका मङ्सिर १६ गते बिहान १० बजे मतदाता नामावली प्रकाशित गर्ने, मङ्सिर १७ गते बिहान ८ देखि ११ बजेसम्म उम्मेदवार मनोनयनपत्र दर्ता गर्ने, सोही दिन दिउँसो ११ देखि १ बजेसम्म मनोनयन पत्रमाथि पर्ने दाबी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने र मङ्सिर १७ गते २ बजे सो उपर निर्णय गर्ने प्रदेश निर्वाचन कार्यतालिका रहेको छ ।

मङ्सिर १७ दिउँसो २ देखि साँझ ५ बजेसम्म उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपी) पहिलो नाम प्रकाशित गर्ने, सोही दिन साँझ ६:३० मनोनयन फिर्ता लिने, साँझ ७:३० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मङ्सिर १८ गते बिहान ८ बजेदेखि प्रदेश कार्यसमितिका लागि मतदान सुरु हुने समिति संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो । १४औं महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौंमा हुँदैछ ।

## जेसीजद्वारा सेनेटरी प्याड बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

जेसीज सप्ताह अन्तरगत राजविराज जेसीजले बिहीबार सेनेटरी प्याड बितरण गरेको छ ।

जेसीज सप्ताह २०२१ को तेस्रो दिन बिहीबर राजविराजस्थित गजेन्द्र चोकमा आवातजावत गरिरहेका महिलालाई १ सय ८ थान सेनेटरी प्याड बितरण गरेको हो ।

यसअघि जेसीजले सोमबार सरसफाई तथा मंगलबार प्लोगिङ्ग कार्यक्रम सम्पन्न गरिसकेको छ ।

## उदयपुरबाट गाजासहित सप्तरीका दुई युवा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

उदयपुरको बेल्टारबाट सप्तरीको फत्तेपुरतर्फ आउँदै गरेका दुई यूवकलाई प्रहरीले गाजासहित पक्राउ गरेको छ ।

प्रहरीले उदयपुरको चौदण्डीगढी नगरपालिका ४ नमूना चोकबाट सप्तरीको सप्तकोशी नगरपालिका ९ कमलपुर बस्ने २६ वर्षीय रुपेश सदा र २९ वर्षिय जीबछ मण्डल रहेको जिल्ला प्रहरी कार्यलय उदयपुरले जनाएको छ ।

बेलका नगरपालिका क्षेत्रबाट मदन भण्डारी मार्गहुँदै सप्तरीको फत्तेपुरतर्फ स.११प. १७९ नं को मोटरसाइलमा जाँदै गरेका उनीहरूलाई बुधबार साँझ गस्तीमा रहेको प्रहरीले

*बाँकी अन्तिम पृष्ठमा*

सूचना। सूचना।। सूचना।।।

यहि मिति २०७८ साल मंसिर १७ गतेदेखि पहिलो चरणमा सप्तकोशी न.पा., सुरुङ्गा न.पा., खडक न.पा., शम्भुनाथ न.पा., डाक्नेश्वरी न.पा., हनुमाननगर कंकालीनी न.पा., अग्नीसाईर कृष्णासवरन गा.पा. र तिरहुत गा.पा. तथा पुष ४ गतेदेखि दोस्रो चरणमा तिलाठी कोइलाडी गा.पा., छिनमस्ता गा.पा., रुपनी गा.पा., महादेवा गा.पा., विष्णुपुर गा.पा., बलान बिहुल गा.पा. र राजगढ गा.पा.मा मतदाता नामावलीमा नाभ दर्ता गराउन छुट हुनु भएका मतदाताहरुको लागि १५ दिने मतदाता नामावली संकलन बिशेष कार्यक्रम सञ्चालन हुन गईरहेकोले आ आफ्नो स्थानीय तहमा सम्पर्क राखी मतदाता नामावलीमा नाम दर्ता गराई आफ्नो मताधिकार सुनिश्चित गर्नु हुन हार्दिक अनुरोध गर्दछौ । जिल्ला प्रशासन कार्यालय/जिल्ला निर्वाचन कार्यालय र इलाका प्रशासन कार्यालय रहेका स्थानीय तहको हकमा साविकमा झै तहाँबाटै निरन्तर रुपमा नै मतदाता नामावली संकलन हुने साथै बाह्य जिल्ला ठेगाना भएका मतदाताहरुको लागि जिल्ला निर्वाचन कार्यालयबाटमात्र नाम दर्ता हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

जिल्ला निर्वाचन कार्यालय
सप्तरी




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### सूचना दिनु पर्छ भन्ने मानसिकताको विकास आवश्यक

सूचना पाउने अधिकार सबै आम नागरिकको हो । यसबाट कोही पनि बञ्चित हुनु हुँदैन् । सूचना भनेको अरुलाई दिएर पारदर्शि गर्नु हो । तर यहाँ सूचना लुकाउने कार्य ब्यापक हुने गरेको छ । सूचना नदिएर आफूलाई ठूलो बहादुर हुइन्छ भन्ने ठानिन्छ । सूचना लुकाउनेमा प्रतिष्पर्धा नै हुन्छ । कुन कार्यालयले बढी सूचना लुकाउने प्रतिष्पर्धा नै हुन्छ । जनतालाई सरोकार राख्ने हरेक विषयलाई पारदर्शि गर्नुपर्दछ । सानो सानो कुरालाई जनतासामु लैजानु पर्दछ । तर सूचना नदिएर आफूलाई बहादुर ठान्नेहरु आफूखुशी कार्य गर्न व्यस्त छन् ।

यता सूचना पाउने मौलिक हक सबै जनतालाई रहँदा रहदै पनि नदिएर कारवाहीमा परिन्छ भन्ने कुरा विर्सन्छन् । राष्ट्रिय सूचना आयोगमा कुनै पनि सरोकारवाला निकायले सूचना नदिए सिधै उजुरी दिने प्रावधान छ । यही प्रावधानलाई आम जनताले टेकेर उजुरी दिने गर्छन् । जस कारण सप्तरीबाट २९ वटा उजुरी परेका छन् । यो उजुरी भनेको सरोकारवाला निकायले आम जनताले दिएको निवेदनलाई लत्याएर सूचना नदिएपछि हो । प्रश्न उठ्न सक्छ की सूचना कीन दिइदैन् ? सूचना नदिने धेरै आश्रय हुन सक्छन् । जस्तै आफुखुशी काम गर्ने उद्देश्य, रकमको प्रलोभन, गलत काम गर्ने नियत लगायत ।

सूचना लिने दिने बानीको सुरुवात गर्नु पर्छ । जसकारण कोही कुनै दुविधामा नपरोस् । कुनै पनि कार्य पारदर्शि हुनुपर्दछ । पारदर्शि भए मात्र कामको औचित्य हुन्छ । होइन भने सधैं उक्त कामप्रति प्रश्न चिन्ह खडा भइरहन्छ । तसर्थ सूचना माग्नका लागि दिइने निवेदनको आधारमा सूचना दिनु पर्छ भन्ने मानसिकताको विकास गर्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महिला हिंसा : भ्रुणदेखि घाटसम्म

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

काठमाडौँको बबरमहलस्थित नेपालकला परिषद्मा बाल चित्रकार काठमाडौँकी सुप्रिया पाण्डेको पहिलो एकल चित्रकला प्रदर्शनीको चित्र नं ३ झट्ट आँखा पुग्ने जो कोहीलाई एकछिन् टक्क अडचाउने खालको छ ।

चित्रको मुनी लेखिएको छ, "अनुचित भ्रूण परीक्षण पश्चात अनावश्यक चीज (पीप जस्तै मानेर) खिलसहित निकाल्ने पापको पराकाष्ठा ।" क्यान्भासमा गर्भभित्रै कैँचि चलाइएको मार्मिक दृष्यले एक पटक मानसपटल गुजुल्टिन्छ । त्यहाँबाट बगिरहेको रगतका धाराले समाजलाई गिज्याइरहेको भान हुन्छ ।

कानुनमा जतिसुकै समानताको कुरा लेखिए पनि र राज्यका निकायले बोलिरहे पनि व्यवहारतः छोरी भएकै कारण भ्रुणबाटै महिलाको अस्तित्व समाप्त पार्ने अपराधका बग्रेल्ती उदाहरण समाजमा छन् । त्यो भ्रूणदेखि सुरु भएको हिंसाको शृङ्खला मृत्यु घाटसम्म कायम रहन्छ । यही नै उनको चित्रकलाको मार्मिक पक्ष हो र ती चित्रमार्फत मानिसमा चेत भर्ने प्रयास गरिएको छ ।

महिलाहिंसाविरुद्धको १६ दिने अभियान चलिरहेका बेला चित्रकार पाण्डेले एक पटक समाजलाई बिउँझाउने खालको सिर्जना क्यान्भासमा उनेर त्यही समाजलाई देखाउनुभएको हो । सोह्र वर्षीया पाण्डेले ३० चित्रमा भ्रुणदेखि घाटसम्म हुने अनेकनहिंसालाई चित्रात्मक रुपमा देखाउँदै हुनुहुन्छ । पुर्ख्यौली घर गुल्मी भई हाल काठमाडौँ महानगरपालिका- १५ छाउनी बस्ने उहाँ हाल विज्ञान विषय लिएर कक्षा ११ मा पढ्दै हुनुहुन्छ । कथा, कवितामा समेत उहाँको रुचि छ ।

बिहीबारदेखि सुरु भई तीन दिनसम्म चल्ने प्रदर्शनीमा पाण्डेले भन्नुभयो, "पेटदेखि मृत्युघाटसम्म कुनकुन अवस्थामा महिलामाथि हिंसा हुन्छन् भन्ने कुरा देखाएकी छु, समाजमा समानताका कुरा उठ्न थाले पनि महिला एक तह पछाडी नै छन्, भन्ने गलत सोच अझै जरामा छ, कलामार्फत सोचमा परिवर्तन गराउने मेरो सानो प्रयास हो ।"

महिलालाई घरको चार भित्तामै सीमित राख्ने अवस्थालाई सिर्जनामार्फत मानिसलाई महसुस गराई सोचमा परिवर्तन होस् भन्ने चाहनाका साथ प्रदर्शन गरिएको हो । यति सिर्जनामा उहाँको दुई वर्षको मेहनत छ । यद्यपि कोभिडका कारण केही ढिला गरी प्रदर्शन गरिएको हो ।

हजारौँ बेदना र आक्रोश मिश्रित आँसुले चित्र सिर्जनाको औचित्य पुष्टि गरिरहेको छ । मुहारमा मात्रै होइन शब्द, स्पर्श, रस, गन्ध, वुद्धि, मन र वृत्तिमा नै घुम्टो ओढ्न विवस ति महिलाका कथा र बेथा क्यान्भासमा रङले दुरुस्त भरिएको छ । विवाह गरेपछि महिलाका रहर, इच्छा, स्वतन्त्रता, निर्णय र अधिकारमाथिको नियन्त्रण समाजमा यत्रतत्र देखिइँदै आएकामा उहाँले कलामार्फत चिरफार गर्नुभएको छ । दिमागमा छोरा र पेटमा छोरी हुँदाको भयानक परिणामलाई सहज संयोजनकासाथ क्यान्भास भर्नुभएको छ । उहाँले लिङ्गपिच्छेको फरक मृत्युलाई अमूर्तकलामार्फत देखाउँदै समाजलाई सचेत बनाउन खोज्नुभएको छ ।

आफ्नो अँश्रुधारा थापेर जीवनको तीर्खा मेट्न विवस महिलाका वेदना पनि चित्रमार्फत सुन्दर रुपमा प्रस्तुत गरिएको छ । कलाकार रसना बज्राचार्य उहाँका चित्र आफैँ बोलिरहेको बताउनुहुन्छ । "दर्शनशास्त्रमा महिलालाई देवीका रुपमा हेरिने गरिन्छ, तर समाजले कसरी हेरिरहेको छ, सुप्रियाको सिर्जनामा स्पष्ट छ", बज्राचार्यले थप्नुभयो । सुन्दर संयोजनले उहाँको कलामा निखारपन छ ।

नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कूलपति कान्छाकुमार कर्माचार्य समसामयिक र जल्दोबल्दो विषय रहेकाले उहाँको एकल चित्रकला प्रदर्शनीको उच्च महत्व रहेको स्मरण गर्नुहुन्छ । उहाँले कलिलै उमेरमा सुप्रियाले भाव, विषय र कलायुक्त कृति समेटेको बताउनुभयो ।

कोरोनाका कारण हजारौँले ज्यान गुमाए तर त्यसले सुप्रिया जस्ता कलाकारका सिर्जना फुलाउने कामसमेत गरेको उहाँले उल्लेख गर्नुभयो । "देवीका रुपमा नारीलाई सम्झने गरिए पनि व्यवहारमा फरक रहेको र त्यही पीडा उहाँका ३० सिर्जनामा स्पष्ट छ", उहाँले भन्नुभयो ।

आर्टलाई घण्टौं लगाएर साधान गर्न सक्ने क्षमता सुप्रियामा रहेको उल्लेख गर्दै बुबा डा रविन्द्र समीर सुझावात्मक भनाइका साथ भन्नुहुन्छ, "अभिभावकले बालबालिकासँग दिनको आधा घण्टा समय दिनसक्यो भने पनि उनीहरुलाई समाज बुझ्न र सिर्जना तिखारिन सहयोग गर्छ, हामीले त्यो वातावरण दिने प्रयास गरिएको मात्रै हो ।" प्रदर्शनीका आयोजक टिम निपोका अध्यक्ष डा निगम पौडेल यस क्षेत्रकै सम्भावना बोकेकी कलाकारका रुपमा आफूले पाण्डेलाई बुझेको बताउनुभयो ।

# विश्व बैंकको लगानीका परियोजनाको प्रगतिबारे छलफल

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ र नेपाल, मालदिभ्स र श्रीलङ्काका लागि विश्व बैंकका देशीय निर्देशक फारिस हदाद जेर्भोससहितको प्रतिनिधिमण्डलबीच बैंकले लगानी गरेका विकास परियोजनाको प्रगति समीक्षा एवं प्रभावकारीताबारे छलफल भएको छ ।

मन्त्री श्रेष्ठसँग बुधबार उहाँकै कार्यकक्षमा भएको बैठकमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी तुल्याउने, त्यसलाई दिगो रोजगारीसँग जोडने, बेरोजगार, विपन्न तथा लक्ष्यित वर्गका लागि उपयोगी पूर्वाधार विकास गर्ने तथा बजारको मागअनुसार जनशक्ति आपूर्ति गर्ने सम्बन्धमा विचारविमर्श भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

त्यस अवसरमा मन्त्री श्रेष्ठले श्रम रोजगारी तथा सीप तालिमलाई एकीकृतरूपमा सञ्चालन गर्न स्थानीय तहमार्फत नमूना सेवा केन्द्रको सञ्चालन गर्ने र सबै स्थानीय तहमा विस्तार गर्ने सरकारी योजनाबारे जानकारी दिनुभएको थियो ।

बेरोजगार, गरिब र जोखिमपूर्ण अवस्थामा रहेका समुदायको उत्थानका लागि हाल सञ्चालनमा रहेका सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न बैंकबाट थप सहयोगको अपेक्षा नेपालले गरेको बताउनुभयो । नेपालको सामाजिक-आर्थिक विकासमा विश्व बैंकले निरन्तर सहयोग गरेकामा त्यसको सराहना गर्दै भविष्यमा पनि त्यस्तो सहयोग विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

देशीय निर्देशक जेर्भोसले नेपालमा थप रोजगारमूलक कार्यक्रम, त्यससम्बन्धी नीति, क्षमता अभिवृद्धि तथा सेवा प्रवाहमा सुधार हुने गरी प्राविधिक सहायता परिचालन गर्न विश्व बैंक तयार रहेको बताउनुभयो ।

# 'कानून पालनामा राजनीतिक दल आफैँ निर्देशित हुनुपर्छ'

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राजनीतिक दल सबैभन्दा बढी जनताप्रति उत्तरदायी भएकाले संविधान र कानून पालनामा आफैँ निर्देशित हुन जरुरी रहेको बताउनुभएको छ ।

निर्वाचन पर्यवेक्षक समिति नेपाल (इओसी-नेपाल)द्वारा बुधबार यहाँ आयोजित 'प्रभावकारी कानूनी व्यवस्था र राजनीतिक दलको अनुगमन' विषयक अन्तरक्रियमा उहाँले सबैले राम्रो ढङ्गले कानून मान्ने हो भने नियमनको बहस आवश्यक नपर्ने धारणा राख्नुभयो । प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "अरुलाई सुशासन र अनुशासन सिकाउने दलहरूका लागि उनीहरूका आन्तरिक नियन्त्र र स्वमूल्याङ्कन जरुरी छ कि बाहिरबाट यो वा त्यो गर भन्नुपर्ने हो ।"

राजनीतिक दलको समग्र व्यवस्थापन, नियमन र अनुगमनको प्रणाली नयाँ शिराबाट सोच्नुपर्ने आवश्यकतामा जोड दिँदै उहाँले आयोगले राजनीतिक दलमा समावेशी, महिला सहभागिता र लेखा परीक्षणको व्यवस्थालाई कडाइका साथ हेरिएको जानकारी दिनुभयो । प्रमुख थपलियाले भन्नुभयो, "राजनीतिक दलको विधानमा ऐनमा भएको व्यवस्थाबाहेक सदस्यता दिँदैनौं भनेर स्वघोषणा गरेका दलहरूविरुद्ध आयोगमा धेरै सङ्ख्यामा उजुरी रहेको छ । कुन दल साच्चिकै कानूनको पालना गर्ने खाँटी हो त भनेर अनुगमन र मूल्याङ्कन गरेर सार्वजनिक गर्ने छौँ ।"

नेपाल कानूनका पूर्वअध्यक्ष माधव पौडेलले राजनीतिक दलको

बाँकी तीन पृष्ठमा

# प्रधानन्याधीशलाई बिदामा बसेर कार्यवाहक तोक्न सत्ता गठबन्धनको सुझाव

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

सत्तारुढ पाँच दलका शीर्ष नेताको बैठकले प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरालाई बिदामा बसेर कार्यवाहक प्रधानन्यायाधीश तोक्न सुझाव दिएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको पाँच दलका शीर्ष नेताको बैठकले लामो समयदेखि अदालत अवरोध भएको र प्रधानन्यायधीश बिरामी परेकाले तत्काल कार्यवाहक प्रधानन्यायाधीश तोकेर अदालतको कामकारबाही अघि बढाउन सुझाव दिएको हो ।

बैठकबारे जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले भन्नुभयो, "प्रधानन्यायाधीश बिरामी भएकाले तत्काल कार्यवाहक प्रधानन्यायाधीश तोकेर सर्वोच्च अदालतको कामकारबाही अघि बढाउन सुझाव दिने गठबन्धनले निष्कर्ष निकालेको छ ।"

बैठकमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेललगायत सहभागी हुनुहुन्थ्यो ।

# विवाहपञ्चमी महोत्सवको समग्र तयारीमा जुट्न मुख्यमन्त्री राउतको निर्देशन

धनुषा, १६ मङ्सिर (रासस)।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले विवाहपञ्चमी महोत्सवको समग्र तयारीमा जुट्न सरोकारवाला निकायलाई निर्देशन दिनुभएको छ। बुधबार प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका, जानकी मन्दिर एवं सुरक्षा निकायका प्रमुखसहितको संयुक्त बैठकमा मुख्यमन्त्री राउतले विवाह पञ्चमी महोत्सव प्रदेशको धरोहर रहेकाले यसलाई भव्य बनाउन सबै निकायलाई निर्देशन दिनुभएको हो।

उहाँले महोत्सवलाई लक्षित गर्दै सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउन सुरक्षा निकायलाई निर्देशन दिँदै थप मजबुत बनाउन आवश्यक व्यवस्थापन प्रदेश सरकारले गरिदिने प्रतिबद्धता जनाउनुभयो। विवाहपञ्चमी महोत्सवलाई भव्य र सभ्य बनाउन प्रदेश सरकारका तर्फबाट मूल नाकामा प्रवेशद्वार निर्माण गर्नुका साथै खानेपानीको व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई मुख्यमन्त्री राउतले निर्देशन दिनुभएको हो।

बैठकमा अर्थ उद्योग पर्यटन तथा वनमन्त्री शत्रुधन महतो, अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, आन्तरिक मामिला तथा सञ्चारराज्यमन्त्री रुवीकुमारी कर्ण, जनकपुरधाम उपमहानगरका प्रमुख लालकिशोर साह, जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास, प्रमुख सचिव हरिप्रसाद मैनाली, आन्तरिक मन्त्रालयका सचिव रामकुमार महतो, प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोला, जनकपुर उपमहानगरका कार्यकारी अधिकृत प्रद्युम्नप्रसाद उपाध्याय, नेपाली सेनाका सहायक रथी शिशिरचन्द्र केसी, नेपाल प्रहरीका नायब महानिरीक्षक उमेश रञ्जितकार, सशस्त्र प्रहरीका नायब महानिरीक्षक गणेश ठाडा मगरसहितको सहभागिता थियो।

# एशियाको उत्कृष्ट बैंकको उपाधि एनएमबी बैंकलाई

काठमाडौं, १६ मङ्सिर (रासस)।

संस्थागत सुशासन, दिगो विकासमा योगदान, 'डिजिटल' प्रविधिको उपयोग गर्दै नवीनतम सेवा प्रवाह र उत्पादन गरेवापत एनएमबी बैंक एशियाको उत्कृष्ट बैंक बन्न सफल भएको छ।

बेलायतको लण्डनबाट प्रकाशन हुने प्रसिद्ध समाचारपत्र 'द बैंकर'को निर्णायक मण्डलले एनएमबीलाई 'द बैंक अफ द इयर २०२१' प्रदान गरेको हो। प्रधानमन्त्री शेरबहादुर देउवाले बुधबार प्रधानमन्त्री निवासमा आयोजित एक कार्यक्रममा बैंकका अध्यक्ष पवनकुमार गोल्यान, प्रमुख कार्यकारी अधिकृत सुनिल केसी र सञ्चालक समितिका सदस्यलाई सामूहिकरूपमा उक्त सम्मान हस्तान्तरण गर्नुभयो।

सो अवसरमा प्रधानमन्त्री देउवाले मुलुकको बैंक तथा वित्तीय क्षेत्रको विकासका साथै हरित उद्यम प्रवर्द्धनमा योगदान गरेबापत विश्व प्रसिद्ध सम्मान प्राप्त गरी नेपालको 'बैंकिङ' इतिहासमा नयाँ अध्याय प्रारम्भ गरेकामा बैंकमा आबद्ध सबैप्रति बधाई ज्ञापन गर्नुभयो। राष्ट्रको अर्थतन्त्र उजिल्याउन थप मेहनतका साथ काम गर्न पनि उहाँले बैंक व्यवस्थापनलाई सुझाव दिनुभयो।

यसैबीच, बुधबारै अपराह्न यहाँ आयोजित कार्यक्रममा अध्यक्ष गोल्यानले कृषि क्षेत्रको व्यावसायिकीकरण, पर्यटनको दिगो विकास, जलविद्युत्लगायत स्वच्छ ऊर्जाको प्रवर्द्धनबाटै आर्थिक समृद्धि हासिल गर्न सकिने बताउँदै देशको आर्थिक उन्नयनलाई केन्द्रमा राखेर एनएमबी बैंकले काम गरिरहेको जानकारी दिनुभयो।

प्रमुख कार्यकारी अधिकृत केसीले हालै स्कटल्याण्डको ग्लास्गोमा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा प्रधानमन्त्री देउवाले कार्बन उत्सर्जनलाई शून्यमा झार्ने, हरित, उत्थानशील एवं दिगो विकासमा लाग्न व्यक्त गर्नुभएको प्रतिबद्धतामा सहायक भएर अघि बढ्न एनएमबी बैंक प्रतिबद्ध रहेको बताउनुभयो।

# अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनको माग

काठमाडौं, १६ मंसिर (रासस)।

राष्ट्रिय अपाङ्ग महासंघ, नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकारको पक्षमा काम गर्न कानुन, नीति र निर्देशिकामा भएका व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने माग गरेको छ।

महासंघले यहाँ बिहीबार पत्रकार सम्मेलन गरी अपाङ्गतासम्बन्धी सेवा सुविधा, सहुलियत र अधिकार उपयोग गर्न परिचयपत्रलाई अनिवार्य गरिए पनि त्यसको वितरण प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन नसक्दा धेरैले परिचयपत्र पाउन नसकेको जनाउँदै परिचयपत्र वितरण प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गर्नुपर्ने मागसमेत गरेको छ। बनेका नीति-नियमका बारेमा स्थानीय तहलाई अभिमुखीकरण गर्नुपर्ने महासंघको भनाइ छ।

महासंघका अध्यक्ष चित्रलाल शर्माले अपाङ्गता भएका व्यक्तिका लागि काम गर्न प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास गर्नुपर्ने र कानुनमा भएका व्यवस्थाहरूलाई हरेक मन्त्रालयले आफ्ना वार्षिक कार्यक्रम र नीतिहरूमा बजेटसहित समेट्नुपर्नेमा जोड दिनुभयो। "स्थानीय तह र प्रदेश तहको सरकारले अपाङ्गता भएका व्यक्तिका लागि योजना निर्माण गर्दा वा निर्णय गर्दा अपाङ्गता भएका व्यक्तिको अनुभव, भोगाइ र विज्ञताको उपयोग गर्नुपर्छ। उनीहरूका कुरा सुन्ने, छलफल गर्ने र परामर्श गर्ने पर्याप्त र पहुँचयुक्त वातावरण निर्माण गर्नुपर्छ", सम्मेलनमा जारी विज्ञप्तिमा भनिएको छ।

महासंघले शुक्रबार अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रम गरी मनाउने भएको छ। संयुक्त राष्ट्रसङ्घको पहलमा विश्वभर अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस सन्१९९२ देखि हरेक डिसेम्बरको ३ मा मनाउन थालिएको हो।

अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धन र अवसर समानीकरणप्रति विश्व समुदायको ध्यानाकर्षित गर्न र अपाङ्गता भएका व्यक्तिहरूप्रति हुने सबै प्रकारका भेदभाव, हिंसा र दुर्व्यवहारविरूद्ध लड्न सबैलाई प्रेरित गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ। विश्व बैंक र विश्व स्वास्थ्य सङ्गठनको दाबीअनुसार विश्वको कूल जनसङ्ख्याको १० देखि १५ प्रतिशत मानिसहरू अपाङ्गताको अवस्थामा बाँचिरहेका छन् र अधिकांश अपाङ्गता भएका व्यक्तिहरू विकासशील वा अल्पविकसित देशहरूमा छन्। हालसम्म नेपालमा कति अपाङ्गता भएका व्यक्ति, कहाँ-कस्तो अवस्थामा रहेका छन भन्ने कुराको विस्तृत तथ्याङ्क हामीसँग छैन। जनगणना २०६८ को प्रतिवेदनमा उल्लेख भएअनुसार कूल जनसंखयाको १.९४ प्रतिशत मात्र अपाङ्गता भएका व्यक्ति रहेको जनाइएको छ।

## 'कानून पालनामा ...

नियमन तथा अनुगमनसम्बन्धी कानूनी व्यवस्था र निर्वाचन आयोगको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्दै राजनीतिक दलको अर्थपूर्ण सहभागिता बिना लोकतन्त्र सुदृढ हुन नसक्ने धारणा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "संविधानले आयोगलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष निर्वाचनका लागि राजनीतिक दलसँग सहकार्य र परामर्श गर्ने अधिकार एवं अभिन्न अङ्गको मान्यता दिएको छ।"

आयोजक संस्था इओसी-नेपालका अध्यक्ष प्रदीप पोखरेलले निर्वाचन खर्चिलो भएकै कारण सुशासनका लागि चुनौती खडा गरेको तथा दलका नेताको सम्पत्ति विवरण र सदस्यका विषयमा उठेको प्रश्नलाई सम्बोधन गर्ने के कस्ता सुधारका उपाय हुन सक्छन् भनी जिज्ञासा राख्नुभयो।



नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
... कञ्चनपुर

पत्र संख्या :- ०७८/०७९
च. नं.:-

मिति :- २०७८/०८/०१

विषय :- राहदानी फाराम संकलन गर्ने कार्य स्थगित गरिएको बारे।

जो जस संग सम्बन्ध छ।

प्रस्तुत विषयमा श्री -राहदानी विभागको प.स.डि.ओ.पी.०७८/०७९, च.नं.६०४ मिति २०७८/०८/०२ गतेको अत्यन्त जरुरी पत्र प्राप्त भई व्यहोरा अवगत भयो सो सम्बन्धमा मिति २०७८/०८/०१ गतेबाट विद्युतीय राहदानी ( e-Passport ) शुरुवात भई सकेको हुँदा हाल जिल्ला/इलाकाबाट विद्युतीय राहदानी ( e-Passport ) शुरुवात हुन केही दिनको समय लाग्ने भएकोले मिति २०७८ साल मंसीर ५ गतेदेखि मेशीन रिडेबल राहदानी ( MRP ) फाराम संकलन कार्य हाललाई निर्देशनानुसार स्थगित गरिएको व्यहोरा सर्वसाधारणलाई जानकारी गरिन्छ।

# विश्व समाचार

## अमेरिकामा पनि भेटियो ओमिक्रोन भेरियन्ट

लस एन्जलस, १६ मङ्सिर (रासस/सिन्ह्वा)।

पछिल्लो पटक अफ्रिकामा भेटिएको भनिएको कोरोना भाइरसको नयाँ भेरियन्ट, ओमिक्रोन अमेरिकामा पनि देखा परेको छ।

अमेरिकाका स्वास्थ्य अधिकारीले यो नयाँ भेरियन्ट बुधबार अमेरिकाको क्यालिफोर्नियामा पत्तालागेको पाइएको समाचार दिएका भनी विभिन्न विदेशी सञ्चारमाध्यमले जनाएका छन्।

यही नोभेम्बर २२ मा दक्षिण अफ्रिकाबाट आएका एक व्यक्तिमा सो भेरियन्ट देखिएको जानकारी क्यालिफोर्नियाको स्वास्थ्य विभागका अधिकारीले बुधबार जानकारी दिएका हुन्।

उनको परीक्षणमा कोरोना पोजेटिभ देखिएपछि युनिभर्सीटी अफ क्यालिफोर्नियामा थप परीक्षण गरिएको थियो। यसबाट उनको कोरोना भाइरसको नयाँ अर्थात् पछिल्लो घातक भेरियन्ट भनिएको ओमिक्रोन पत्ता लागेको बताइएको छ।

अमेरिकाको सेन्टर फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सनले क्यालिफोर्नियामा बुधबार देखापरेको यो नै अमेरिकामा देखिएको ओमिक्रोनको पहिलो सङ्क्रमण भएको पुष्टि गरेको पनि समाचारमा जनाइएको छ।

अघिल्लो हप्ता दक्षिण अफ्रिमा पत्ता लागेको बताइएको यो भाइरस विश्वका कैयौँ देशमा भेटिइसकेको छ।

## सोमालियामा एचआइभी सङ्क्रमण घट्यो

मोगादिसु, १६ मङ्सिर (रासस/सिन्ह्वा)।

पहिले पहिले एच आचआइभी एड्स निकै बढ्दो क्रममा रहेको सोमालियामा अहिले भने एड्सको सङ्क्रमण घटेको पाइएको यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्।

ती विश्व स्वास्थ्य सङ्गठनका अधिकारीका अनुसार यहाँ पछिल्ला १४ वर्षमा एड्सको सङ्क्रमण दिन प्रतिदिन घट्दै गएको पाइएको हो।

यहाँ १४ वर्षअघि निकै नै जोखिमको अवस्थामा रहेको एड्स सङ्क्रमणको अवस्था थियो सोमालियाको विशेष गरी उत्तरी क्षेत्र गारोए र बोसासामा, तर ती क्षेत्रमा पनि अहिले एड्सको सङ्क्रमण दरमा निकै नै कमी आएको पाएएको छ।

विश्व स्वस्थ्य सङ्गठनका सोमालियाका लागि प्रतिनिधि माउमर रहमानले समयमै यसको परीक्षण गराउने एड्सको सङ्क्रमण देखिएपछि औषधि उपचार थाल्ने गर्दा यसको सङ्क्रमण घट्दै जाने देखिएको उहाँले बताउनुभएको छ।

यही डिसेम्बर १ मा आयोजना गरिने विश्व एड्स दिवसका आवसरमा विश्व स्वास्थ्य संगठनद्वारा सो तथ्यांक अघि सारिएको छ।

सो सङ्गठनले पछिल्ला वर्षमा अफ्रिकाका देशसमेतमा एड्सको सङ्क्रमण दर घट्दै गएको पनि देखिएको बताइएको छ।

## भारतमा कोरोना सङ्क्रमितको संख्या तीन करोड ४६ लाख छ हजार ५४१ पुग्यो

नयाँदिल्ली, १६ मङ्सिर (रासस/सिन्ह्वा)।

भारतमा हिजो बुधबार नौ हजार ७६५ जनामा कोरोना सङ्क्रमण देखापरेपछि कोरोनाको कूल सङ्क्रमितको सङ्ख्या तीन करोड ४६ लाख छ हजार ५४१ पुगेको केन्दीय स्वास्थ्य मन्त्रालयले बिहीबार जानकारी दिएको छ।

बुधबार कोरोना सङ्क्रमणबाट ४७७ जनाको मृत्यु भएपछि कूल मृतकको सङ्ख्या चार लाख ६९ हजार ७२४ पुगेको छ। भारतमा अझै पनि ९९ हजार ७६३ सक्रिय सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ।

गएको २४ घण्टामा भारतमा आठ हजार ५४८ जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४० लाख ३७ हजार ५४ जनालाई कोरोनाको सङ्क्रमण निको भएका छन्।

## स्पेनमा कोभिड ओमिक्रोन स्ट्रेनको तेस्रो संक्रमण पुष्टि

स्पेन (म्याड्रिड), १६ मङ्सिर (रासस/एएनआई/स्पुतनिक)।

कोभिड-१९ को नयाँ स्ट्रेन ओमिक्रोनको तेस्रो सङ्क्मणको घटना स्पेनको बेलेरिक टापुमा पुष्टि भएको स्वास्थ्य अधिकारीले बताएका छन्।

सन् स्पेसेस विश्वविद्यालय अस्पतालको माइक्रोबायोलोजी प्रयोगशालाले बिहीबार विशेष पिसिआर परीक्षणमार्फत ओमीक्रोन सार्स-कोभिड-२ स्ट्रेनको सङ्क्मण पुष्टि गरेको कुरा बेलेरिक टापु सरकारको स्वास्थ्य परिषद्ले विज्ञप्तिमार्फत् जनाएको छ। यस अघि दुई केस म्याड्रिडमा पुष्टि भएका थिए। तीनवटै सङ्क्मण दक्षिण अफ्रिकाका यात्रुमा पत्ता लागेको हो।

# वीरगञ्जमा मेड इन नेपाल प्रदर्शनी

वीरगञ्ज, १६ मङ्सिर (रासस) ।
यहाँ 'मेड इन नेपाल एक्स्पो' (प्रदर्शनी) हुने भएको छ । स्वदेशी उद्यम र उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले आगामी फागुनको १२ देखि १५ गतेसम्म सो प्रदर्शनी सञ्चालन हुने छ ।

नेपाली युवा उद्यमी फोरम (एनवाइइएफ) वीरगञ्ज र आर्थिक अभियान दैनिकको सहकार्यमा मोफसलमै पहिलो पटक यस्तो प्रदर्शनी हुन लागेको छ । वीरगञ्जको आदर्शनगरस्थित पुरानो बसपार्क रहेको खाली स्थानमा प्रदर्शनी आयोजना गरिने एनवाइइएफका अध्यक्ष अनुप अग्रवालले जानकारी दिनुभयो ।

स्वदेशी उद्यम र उत्पादन प्रवर्द्धनको उद्देश्यले आयोजना हुन लागेको प्रदर्शनीमा विभिन्न उत्पादनका लागि करिब १३० वटा कक्षाको व्यवस्था मिलाइने आयोजकले बताएको छ । प्रदर्शनीमा स्वदेशमा उत्पादित औद्योगिक उत्पादन, सेवा व्यवसाय, घरेलु तथा हस्तकलाका उत्पादन, प्रविधि, स्थानीय कला संस्कृति, साहित्य, स्थानीय खानाका परिकारलगायतको प्रदर्शनी गरिने भएको छ ।

प्रदर्शनीको लागि कक्ष बुकिङ सुरू भइरहेको र महिला तथा फरक क्षमताका उद्यमीका लागि कक्षमा विशेष सहुलियत दिइने पनि आयोजकले बताएको छ । नेपाली उद्यमीबीच अनुभवको आदानप्रदान र अवसरको उपयोगमार्फत देशको आर्थिक विकासको उद्देश्यलाई सघाउने लक्ष्यसहित प्रदर्शनी आयोजना गर्न लागिएको अध्यक्ष अग्रवालले जानकारी दिनुभयो ।

प्रदर्शनीमा वस्तु तथा सेवाका उत्पादक र ग्राहकबीच साक्षात्कार हुने र यसबाट उपभोक्ताले स्वदेशी उत्पादनबारे जानकारी पाउने बताइएको छ । उद्यमशीलताको भावना जागृत गराउँदै नयाँ सोच र खोजका साथ उद्यम व्यापारलाई देशको आर्थिक विकासको मेरुदण्डका रुपमा स्थापित गर्ने अभियानअन्तर्गत प्रदर्शनी आयोजना हुन लागेको हो ।

उपभोक्ताको रुचिअनुसार उत्पादन परिमार्जन र बजारीकरणमा सहयोग पुग्नेमा आयोजक विश्वस्त देखिएको छ । लगानीका नयाँ सम्भाव्यताको खोजी गर्दै स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धनमार्फत देशको आर्थिक विकासमा प्रदर्शनीले सघाउ पुऱ्याउने दाबी आयोजकको छ ।

# ठूलो परिमाणमा तस्करीको कपडा बरामद

**दैनिक समाचारदाता**
**रौतहट, १६ मंसिर ।**
रौतहटस्थित शसस्त्र प्रहरीले भारतदेखि तस्करी भएर आएको अवैध कपडा बरामद गरेको छ । सशस्त्र प्रहरी बल सीमा सुरक्षा बेस क्याम्प सरमुजवा बङ्कुलबाट खटिएको टोलीले अवैध कपडा बरामद गरेको हो ।

क्याम्पका सशस्त्र प्रहरी निरीक्षक भरत गौतमको नेतृत्वमा खटिएको टोलीले भारतबाट भन्सार छली गरेर ल्याएको दुई मोटरसाइकलसहित करिब रु साढे चार लाख मूल्य बराबरको कपडा बरामद गरेको प्रहरीले जनाएको छ ।

बरामद गरेको कपडा क्यारिङ गर्नेले ल्याएको खुलेको छ । यस क्षेत्रका कपडा व्यापारीले राजस्व छल्न क्यारिङ गर्नेलाई कपडा ल्याउने जिम्मा दिने गर्दछन् । व्यापारीसँग क्यारिङ गर्नेले पिसको हिसावले कपडा गन्तव्यसम्म पुऱ्याउने जिम्मा लिएपछि अवैध रूपमा उनीहरूले तस्करी गर्ने गरेको सुरक्षा स्रोतले जनाएको छ । कपडा ल्याउने क्यारिङ गर्ने तस्करले प्रहरीलाई देखेपछि मोटरसाइकल र कपडा छोडेर फरार भएको र उनीहरूको खोजतलास जारी रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

भारतको घोडासहनबाट बारा र रौतहटको विभिन्न बजारमा क्यारिङ गरेर कपडा तस्करी गर्ने ठूलो समूह रहेको बताइएको छ । बरामद भएको कपडा र मोटरसाइकललाई आवश्यक कानूनी कारबाहीका लागि गौर भन्सार कार्यालय पठाइएको सशस्त्र प्रहरी निरीक्षक गौतमले जानकारी दिए ।

### उदयपुरबाट ...

खानतलासी गर्दा करिव एक केजी गाँजा फेला पारेको थियो ।

व्यवसायिकरुपमा गाँजा ओसारपसार गर्दै आएका दुवैजनालाई बिहीबार जिल्ला अदालतबाट म्याद थप गराइ थप अनुसन्धान गरेर लागुऔषधविरुद्धको मुद्दा चलाउने तयारी भइरहेको उदयपुर प्रहरीले बताएको छ ।

# तीन सय १५ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**
पछिल्लो २४ घण्टामा तीन सय १५ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । २४ घण्टामा पीसीआर र एन्टिजेन गरी ११ हजार चार सय तीन जनाको नमुना परीक्षण गर्दा दुई दशमलव ७६ प्रतिशत अर्थात तीन सय १५ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

नेपालमा अहिलेसम्म पीसीआर विधिबाट गरिएको परीक्षणमा आठ लाख २१ हजार नौ सय ४९ जनामा र एन्टिजेन विधिबाट गरिएको परीक्षणमा ९५ हजार पाँच सय ४६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

यस्तै थप दुई सय एक जना निको भएसँगै कोरोना संक्रमणमुक्त हुनेको संख्या आठ लाख तीन हजार तीन सय ६९ पुगेको छ ।

यही अवधिमा ६ जना संक्रमितको ज्यान गएको छ । योसँगै कोरोना सङ्क्रमणका कारण ज्यान गुमाउनेको संख्या ११ हजार पाँच सय ३५ पुगेको छ । नेपालमा अहिले सात हजार ४५ जना सक्रिय संक्रमित रहेका छन् ।

यसैबीच, २४ घण्टामा थप एक लाख ४१ हजारभन्दा धेरैले कोरोनाविरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ८५ लाख ५९ हजार दुई सय जनाले पूर्ण मात्रा र एक करोड एक लाख २७ हजार चार सय जनाले कम्तीमा एक मात्रा खोप लगाएका मन्त्रालयले जनाएको छ ।

# त्रिविमा आन्तरिक प्रतियोगिताको विरोध

काठमाडौं, १६ मङ्सिर (रासस) ।
त्रिभुवन विश्वविद्यालयमा करारमा कार्यरत जनशक्तिलाई आन्तरिक प्रक्रियाबाट स्थायी गराउन तयारी गरेकामा विभिन्न विद्यार्थी सङ्गठनले आपत्ति जनाएका छन् ।

ती सङ्गठनले विज्ञप्ति जारी गरेर नयाँ पुस्ताका प्रविधिमैत्री दक्ष जनशक्ति उत्पादन भइसकेको अवस्थामा त्यसलाई दुरुत्साहन हुनेगरी त्रिवि सेवा आयोगको नियमविपरीत राज्यलाई झण्डै रु एक अर्ब पाँच करोड बढी भारपर्ने गरी हुने आन्तरिक प्रतियोगिताको निर्णय खारेज गर्न माग गरेका हुन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा यही मङ्सिर १४ गते भएको त्रिविसभाको बैठकले १० वर्षदेखि करारमा रहेका अध्यापकलाई स्थायी गर्ने निर्णय गरेको थियो । "विनाप्रतिस्पर्धा नै त्रिविको प्राध्यापक र कर्मचारी बन्न पाउनुपर्ने माग आफैँमा अप्राकृतिक, अनैतिक, अशोभनीय र हास्यास्पद छ", विज्ञप्तिमा भनिएको छ, "हामी सो निर्णय खारेज गरी आम शैक्षिक युवाले प्रतिस्पर्धा गर्ने पाउने गरी विज्ञापन खुलाउन माग गर्दछौँ ।"

विज्ञप्तिमा नेकपा (माओवादी केन्द्र) निकट अखिल (क्रान्तिकारी) का अध्यक्ष पञ्चा सिंह, नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुका महासचिव आरती लामा, समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रुपनारायण श्रेष्ठ, अखिल (छैटौं) का अध्यक्ष देवेन्द्र कुँवरलगायतले हस्ताक्षर गर्नुभएको छ ।

# बेल्ही भन्सारमा 'हेल्थ डेक्स' स्थापना

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित बेल्ही भन्सारमा 'हेल्थ डेक्स' स्थापना गरिएको छ ।

स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले सबै भन्दा पहिला बेल्ही भन्सारमा हेल्थ डेस्क स्थापना गरिएको हो भने जिल्लाका अन्य नाकामा पनि हेल्थ डेक्स स्थापना गर्न पालिकाहरुसँग समन्वय भइरहेको जानकारी दिए ।

स्थानीय पालिकाले कोरोनाको पहिलो लहरदेखि नै सिमानाकामा हेल्थ डेक्स राखेर स्वास्थ्य चौकीहरुमा रहेका जनशक्ति नै परिचालन गरिएको थियो तर स्वास्थ्य चौकीको उपचार सेवा पनि प्रभावित भएपछि अब दरबन्दी नै कायम गरेर डेक्स सञ्चालन गर्ने तयारी गरिरहेको उनले बताए ।

अफ्रिकी मुलुकमा कोभिड १९ को नयाँ भेरियन्ट ओमिक्रोन भाइरस देखिएपछि नेपालमा पुनः त्रास फैलिएको छ । छिमेकी मुलुक भारतमा पनि यसका संक्रमितहरू भेटिएकाले नेपालसँग खुल्ला सिमानाका जोडिएका जिल्लाहरुमा पनि सतर्कता अपनाउन थालिएको छ ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह बालविवाह, जवरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना , अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।

कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np